MANCHESTER 1824
The University of Manchester

hcri
Humanitarian and Conflict Response Institute

नीति-संक्षेप संख्या ०२/२५

# द्वन्द्व र विपदजन्य अनुसन्धानमा सहकार्यको आचारण

# (The Ethics of Research Collaborations in Conflict and Disaster Settings)

Larissa Fast, Nimesh Dhungana, Nemanja Džuverović, Neeti Aryal Khanal, Birte Vogel, and María Lucía Zapata Cancelado[1]

## परिचय

मानवीय सहायता, शान्ति स्थापना, तथा विपद केन्द्रीत संस्थामा रहेर काम गर्ने अनुसन्धानकर्ताहरुले द्वन्द्व वा मानवीय सहायताका कारण र आयामहरुलाई राम्ररी बुझ्न, भइरहेका कार्यक्रमहरुलाई सुधार्न र संकटलाई अझ प्रभावकारीरुपमा सम्बोधन गर्न द्वन्द्व र विपदजन्य ठाउँहरुमा अध्ययन अनुसन्धानहरु गर्ने गर्छन् । यस्ता अधिकांश अनुसन्धानहरु स्थानीय व्यक्ति तथा संघसंस्थाहरुसँगको सहकार्य र सहभागीतामा निर्भर रहन्छन् जसले गर्दा यी सहकार्यको आचारणबारे (ethics of collaboration) प्रश्न उठ्ने गर्छ । अनुसन्धानमा सहभागी गराइएका व्यक्ति तथा स्थलगत अनुसन्धाताहरुको सुरक्षाका लागि आचारसंहिता (ethical code of conduct) नबनेका पनि होइनन् । तर, अभ्यासका क्रममा त्यस्ता आचारसंहिताहरुले केकस्तो अर्थ राख्छन्, तिनलाई अनुसन्धानकर्ताहरुले कसरी सम्बोधन गर्छन् र सामाजिक-राजनीतिक तथा सांस्कृतिक पक्षहरुले आचारसंहिताको वैधतामा कस्तो प्रभाव पार्छ भन्ने बुझाइ अपुरो नै रहेको छ । धेरैजस्तो अवस्थामा यी विषय र अभ्यासहरु प्रकियागत आचारणका (procedural ethics) सीमा नाघेर प्राज्ञिक अनुसन्धानलाई नै निर्देश गर्ने तहमा पुग्छन् । आचारणका यस्ता प्रकृयागत तथा औपचारिक खाकाहरुले अनुसन्धानका सहभागीहरुलाई कसरी बचाउने भन्नेमा जोड दिए पनि ज्ञान उत्पादन प्रक्रिया र अनुसन्धानको सहकार्यमा तुलनात्मक रुपमा मौन रहन्छन् ।

विपद्जन्य स्थितिमा हुने अनुसन्धानका सहभागीहरुको सुरक्षाका लागि तय गरिने आचारण स्थलगत कार्य अघि, कामको बखत र पछिसमेत पटकपटक तयार गर्ने र संशोधन गर्ने भइरहन्छ (Browne and Peek, 2014) जसले एथिकल रिभ्यु वोर्डले दिने

---

[1] ह्युमानिटेरियन पोलिसि ग्रुप अफ ओडिआई ग्लोवल (John Bryant and Megan Daigle) सँगको सहकार्यमा गरिएको सन् २०२५ अप्रिलको हाम्रो लण्डन कार्यशालाका सहभागीहरुलाई सुझावहरु र अन्तदृष्टिका लागि आभार प्रकट गर्दछौं ।

निर्देशनहरुको सीमा देखाउँछ । आफैँ संकटबाट पीडित स्थानीय अनुसन्धानकर्ताहरुलाई अनुसन्धानका संवेदनशील अभ्यासहरु बुझ्न र छिचोल्न चुनौतीपूर्ण हुन्छ । उनीहरुले अनुसन्धान आचारणका अन्तर्राष्ट्रिय अभ्यासहरु र आफ्नै देशका आचारणगत व्यवहारहरुको बुझाइलाई समन्वय गरी तथ्यांक संकलन गर्नुपर्ने हुन्छ । साथै, चुनौतीपूर्ण पक्ष के पनि छ भने, द्वन्द्व र विपद्जन्य स्थितिहरुमा निर्माण हुने ज्ञानलाई उपनिवेशीकरण (उपनिवेशवाद) र उत्तरी र दक्षिणी (धनी र गरीब) विश्वबीच लामो समयदेखि कायम असमानताले प्रभाव पारेका हुन्छन् (Sultana, 2022) । यस पक्षलाई दृष्टिगत गर्दा, अनुसन्धानको आचारण, तिनको परिभाषा र ज्ञान उत्पादन अभ्यासमा तिनको कार्यान्वयनबारे पुनःविचार गर्नुपर्ने हुन्छ । त्यसका लागि तथ्यांकका प्रक्रियाहरुमा (तथ्यांक संकलनदेखि प्रकाशनसम्म) पूर्णतया नवीन तरिकाले केन्द्रित हुनुपर्ने हुन्छ । यो नीति संक्षेप द्वन्द्व र प्रकोपको परिस्थितिमा भएका तीनवटा कार्यशालाका प्रतिवेदनहरुलाई संश्लेषण गरेर तयार परिएको हो । ती कार्यशाला नेपाल (Dhungana et al, 2024), कोलम्बिया (Zapata Cancelado et al, 2025) र बाल्कन्स क्षेत्र (Džuverović et al, 2025) गरी तीनवटा द्वन्द्व र प्रकोपको परिस्थितिमा आयोजना गरिएका थिए । आचारण र ज्ञान उत्पादनबारे भएको सहकार्यत्मक अनुसन्धानको परियोजनाको हिस्साका रुपमा हरेक कार्यशालाले द्वन्द्व र प्रकोपको परिस्थितिमा काम गर्ने अनुसन्धानकर्ताले भोग्ने दुविधा र चुनौतीलाई ध्यान दिँदै अनुसन्धानात्मक आचारणको अभ्यासबारे खोज गरेका थिए।

यस नीति संक्षेपमा हामीले यी कार्यशालाका साझा नतिजाहरूको सारांश प्रस्तुत गर्नुका साथै मौजुद नीति तथा प्रक्रिया तथा द्वन्द्व र विपद्को परिस्थितिमा काम गर्ने अनुसन्धानकर्ताहरुको भोगाइबीचको खाडललाई जाँचपडताल गरेका छौं । यस्तो परिस्थितिमा भइरहेका प्राज्ञिक, नीतिगत तथा व्यवसायिक अनुसन्धानका (आचारणगत) अभ्यासलाई प्रभाव पार्नु यो नीति संक्षेपको मुल उद्धेश्य हो ।

## अन्तर्दृष्टि

प्रत्येक कार्यशालामा स्थानीय अनुसन्धानकर्ताले भोग्ने विभिन्न दुविधा र चासोका विषय पहिचान गरियो । ती दुविधा र चासोका विषयहरु कुनै विशिष्ट परिस्थितिमा मात्र सान्दर्भिक हुने खालका थिए भने कुनै द्वन्द्व र विपदको परिस्थितिभन्दा पनि बाहिरका थिए । उदाहरणका लागि, बल्कान क्षेत्रमा भएको कार्यशालाका सहभागीले आफूहरू नीतिनिर्माताहरुका लागि "अति प्राज्ञिक" र प्राज्ञिकहरुका लागि "अति व्यावहारिक" देखिएको अनुभव सुनाए (Džuverović et al, 2025, 13) । तर, नेपालको कार्यशालाका सहभागीहरुले भने "अनुसन्धानको वस्तुनिष्ठता" (research objectivity) कायम राख्दै अनुसन्धानरत समुदायभित्र "आफैँ डुब्नुपर्ने" (immerse themselves) र त्यस समुदायलाई "केही दिनुपर्ने" (give back) अपेक्षाबीचको तनावबारे बताए (Dhungana et al, 2024, 11) । कोलम्बियामा सम्पन्न कार्यशालाका सहभागीहरूले अनुसन्धानकर्ता प्रायः व्यावसायिक यात प्राज्ञिक हुने विदेशीहरुको बुझाइलाई उजागर गर्दै कोलम्बियालीहरुले यी दुवै भूमिका एकैसाथ पूरा गर्नेगरेको बताए (Zapata Cancelado et al 2025, 13) ।

यधपी, यस्ता धेरै दुविधा र सरोकार तीनवटै कार्यशालामा धेरैपटक उठे । हरेक ठाउँमा आचारणगत अनुसन्धान भनेको मूल्य मान्यता वा सिद्धान्तमा आधारित हुनु हो भन्ने बझेको पाइयो जस्तै, कसैलाई असर नपार्ने सिद्धान्त, पारदर्शिता र खुलापनको मुल्यमान्यता तथा मानवअधिकार र सामाजिक न्यायका मूल्यमान्यता । यस हिसाबले गर्दा, द्वन्द्व र विपदको परिस्थितिमा हुने अनुसन्धान, विशेषगरी द्वन्द्व र विपदकै विषयमा केन्द्रित हुने अनुसन्धानको आचारण स्वाभाविकरुपमा

परिस्थितिसापेक्ष हुनुका साथै मानवीय अवस्था सुधारतर्फ उन्मुख हुन्छन् ।

सबै परिस्थितिका सहभागीहरूले औपचारिक अनुसन्धान आचारणको 'सिद्धान्त' र संस्थागत समिक्षा (institutional review) र यसको वास्तविक कार्यान्वयनबीचका खाडलहरु पहिचान गरे । तीनवटै देशका सहभागीहरुमा अनुसन्धान आचारणबारे औपचारिक बुझाइको कमी थियो । यसबारे भएका केही बुझाइ जीववैज्ञानिक वा स्वास्थ्य विज्ञानका दृष्टिकोणबाट निर्देशित थिए । त्यस्तै, विद्यमान आचारणसम्बन्धी मार्गनिर्देशनहरुले विशेषगरी द्वन्द्व र प्रकोप सम्बन्धी अनुसन्धानका वास्तविक दुविधाहरूलाई सम्बोधन गर्छ भन्ने छैन । उदाहरणका लागि तीनवटै सन्दर्भमा र खासगरी बल्कान र कोलम्बियामा स्थानीयहरुले विदेशी अनुसन्धानकर्ताहरुमा स्थानीय द्वन्द्वबारे कम जानकारी हुने गरेको औल्याए । यस्तो ज्ञान अभावले स्थानीय अनुसन्धानकर्ताहरूमा दुविधा सिर्जना गर्छ । उनीहरुलाई ज्ञान उत्पादनका पुरकका रुपमा काम गर्न लगाइन्छ तर उनीहरुको योगदानलाई पूर्णरुपमा स्वीकार गरिँदैन । उनीहरुलाई ‘समन्वयकारी’ (fixer), ‘ढोके’ (gatekeeper), वा अनुसन्धान सहायकको (research assistant) रूपमा मात्रै हेरिन्छ । उनीहरू आफैँमा योग्य र अनुभवी अनुसन्धानकर्ताहरु हुन् भन्ने स्वीकार गरिँदैन ।

त्यस्तै गरी 'अनुसन्धानको थकान' (जसलाई 'सहभागीको थकान' वा अतिदोहन पनि भन्ने गरिन्छ)को अवधारणा तीनवटै सन्दर्भमा उजागर भए। यस अवधारणाले एउटै द्वन्द्व र विपदजन्य स्थानहरुमा एउटै समुदायमा बारम्बार हुने अनुसन्धानलाई जनाउँछ। अनुसन्धान गरिएका समुदायहरू बारम्बार सोधपुछ र अध्ययनमा समावेश हुनुपर्ने र स्थानीय अनुसन्धानकर्ताहरू ती समुदायहरूमा फर्किनु पर्ने परिस्थिति चुनौतीपूर्ण देखियो ।

तीनवटै परिस्थितिमा शक्ति सम्बन्ध मुख्य चासोको विषय बन्यो । खासगरी औपचारिक आचारणगत समिक्षा (formal ethical review) प्रक्रियाभन्दा बाहिर पर्ने अभ्यासहरु चासोका विषय बनेका थिए । तीनवटै परिस्थितिहरुका सहभागीहरुले सहलेखन (co-authorship), श्रेय दिने (acknowledgement), तथा तथ्यांक बाँड्ने (data sharing) जस्ता कामहरुमा हुनसक्ने अनैतिक अभ्यासका उदाहरणहरु प्रस्तुत गरे । जसमा स्थानीय अनुसन्धानकर्ताको योगदानलाई पूर्ण वा आंशिकरुपमा उपेक्षा गर्ने जस्ता अभ्यास पर्छन् । त्यो आफैँमा एउटा गम्भिर प्रकृतिको अनैतिक शैक्षिक अभ्यास हो । कनिष्ठ अनुसन्धानकर्ताको कामबाट वरिष्ठ अनुसन्धानकर्ता वा विदेशी अनुसन्धानकर्ताले श्रेय लिने अभ्यासबारे पनि चर्चा भयो । अन्य सहभागीहरुले भने आफूहरुलाई अनुसन्धान सहयोगीको रुपमा काम गराउने तर आफ्नो योगदानलाई अनुसन्धानबाट निस्कने प्रकाशनमा सामान्य श्रेयमात्र दिने गरिएको बताए । त्यस्ता प्रकाशनहरूमा तथ्यांक संकलन तथा विश्लेषण र अनुवादजस्ता महत्त्वपूर्ण योगदान गर्दागर्दै पनि स्थानीय अनुसन्धानकर्ताहरुको कामलाई अदृश्य बनाइन्छ (Dhungana et al 2024, 13) । त्यस्तै विदेशी अनुसन्धानकर्ताहरुले आफूलाई राम्रो खालको आवासको व्यवस्था गर्ने तर स्थानीय अनुसन्धानकर्ताहरुलाई भने कमसल खालको आवासको व्यवस्था गर्ने, स्थानीय अनुसन्धानकर्तालाई अनुसन्धानकर्ताको रुपमा विकास हुन चाहिने सहयोग नगर्ने, उनीहरुले भोग्नुपर्ने जोखिमहरु बेवास्ता गर्ने वा जानाजान जोखिममा पार्नेजस्ता दोहोरो मापदण्डबारे पनि चर्चा भयो । निर्णय गर्ने शक्ति र बौद्धिक श्रेय दिनसक्ने क्षमता उत्तरी विश्वका अनुसन्धानकर्ता र संस्थाहरुमा केन्द्रित हुँदा यस्ता अभ्यासले निरन्तरता पाएका छन् । यस्ता प्रवृत्तिले ज्ञान निर्माणको तहगत प्रणालीलाई निरन्तरता दिन्छन्

(Džuverović et al, 2025, 12) । बौद्धिक श्रेय नै ठूलो पूँजी हुने प्राज्ञिक जगतमा यस्तो अभ्यास समस्याजनक हुन्छ।

सहलेखन नैतिक सरोकारको महत्त्वपूर्ण विषय भए पनि सहभागीहरूले परियोजनाहरूमा स्थानीय समुदायभन्दा दाताको अपेक्षा र प्राथमिकतालाई बढी महत्त्व दिने प्रवृत्ति पनि औल्याए । यसबाहेक, स्थानीय अनुसन्धानकर्ताहरुले आफ्नो योगदानको श्रेय माग्न सक्ने तथा विदेशी अनुसन्धानकर्तासँग असहमति प्रकट गर्न सक्ने सामर्थ्य अनुसन्धानको स्थानीय अर्थराजनीतिमा पनि भर पर्छ । विशेषगरी त्यस्तो स्थानहरुमा जहाँ स्थानीय अनुसन्धानकर्ताहरुको जीवन गुजारा यस्तै कामहरुमा भर परेको हुन्छ । अनैतिक अनुसन्धानहरुले गर्ने नोक्सानी पनि स्थानीय अनुसन्धानकर्ताहरुले नै बढी भोग्नु पर्ने हुन्छ, किनकी उनीहरु समुदायमा नै बस्नु पर्छ र पछि पनि अनुसन्धानको काममा फर्किनु पर्छ । अनुसन्धानका खराब वा अनैतिक अभ्याहरुलाई चुनौती दिँदा अरु कामहरु नपाउने जोखिमले स्थानीय अनुसन्धानकर्तालाई विदेशी वा दाता अनुसन्धानकर्ताको अधिनस्थ बनाइदिन्छ (Džuverović et al, 2025, 12) ।

## सिफारिसहरू

अनुसन्धान आचरणलाई प्रोत्साहन गर्ने उद्देश्य राखेर प्रत्येक प्रतिवेदनले नीति तथा अभ्यासबीचको खाडल र यसलाई सम्बोधन गर्ने वैकल्पिक उपायहरू प्रस्तुत गरेका छन् । पहिचान भएका धेरै अवरोधहरु संस्थागत तथा संरचनागत छन् जसले आर्थिक सहयोग, सम्झौता र बौद्धिक सम्पत्तिसँग सम्बन्धित विश्वव्यापी शक्ति सम्बन्धलाई प्रतिबिम्बित गर्छन् (उदाहरणका लागि हेर्नुहोस, HPG and Neem Foundation 2025) । यद्यपी, आवश्यक संस्थागत संरचनाहरुको अभाव भएकाले, यहाँ हामीले व्यक्तिगत तहका सुझावहरु पेश गरेका छौं । अनुसन्धानका असल अभ्यास प्रवर्द्धन गर्न र अनुसन्धानकर्ताहरु एवं तिनका संस्थागत दाताहरुबीच समतामूलक ज्ञान उत्पादनको वातावरण सिर्जना गर्न यी सुझाव लागू गर्न सकिन्छ ।

**द्वन्द्व र विपदजन्य परिस्थितिका अनुसन्धानकर्ताहरूले गर्नुपर्नेः**

- **अनुसन्धान आचारणलाई एउटा प्रक्रिया** वा पद्दतीगत बाध्यताका रुपमा भन्दा पनि चिन्तनको एक प्रक्रया वा निरन्तरको छलफल वा पुनर्विचारको रुपमा लिनुहोस् (Dawson et al, 2019) । अनुसन्धान आचारणबारेको यस्तो बुझाइले सहकार्यमा आधारित अनुसन्धानका सबै पक्षको अपेक्षालाई पारदर्शी बनाउँछ भने निष्कर्षहरुप्रति जवाफदेहिता बढाउँछ । जसले गर्दा दाताको अपेक्षाअनुरुप निष्कर्षहरुलाई तोडमोड नहुने सुनिश्चितता बढ्छ ।
- सम्भव भएसम्म परियोजनामा 'प्रारम्भिक चरणहरु' (inception phases)को अभ्यास गर्न जोड दिनुहोस् जसमा स्थानीय **साझेदारहरुसँगकै सहकार्यमा अनुसन्धानको प्रारुपमै सहकार्य हुन्छ**, अनुसन्धानका अपेक्षा थाहा हुन्छ तथा समूह सञ्चालन एवं परियोजना कार्यान्वयनबारे छलफल हुन्छ (Zriek et al, 2022)। यस चरणमा कोष (seed funding) को व्यवस्था पनि गर्न सकिन्छ जसबाट लगानी गर्न पनि सकिन्छ ।
- सहकार्यको शुरुवातमै लेखन र श्रेयबारे स्पष्ट निर्देशिका र अपेक्षाहरु तय गर्नुहोस् । यसबारे अनुसन्धान परियोजनाका सबै साझेदारहरुबीच खुला छलफल आवश्यक हुन्छ, किनकी कुनै साझेदारहरु सहलेखकनका लागि हिच्किचाउन सक्छन् ।

- **मूल्यमा आधारित अनुसन्धानलाई (value-based research) प्रवर्द्धन गर्नुहोस् ताकि** जुन अनसन्धान संस्थाहरू र अनुसन्धानकर्ताहरुले अनुसन्धान सुरु गर्नु अघि नै पारदर्शिता, सम्मान, औचित्य, इमान्दारी र क्षति कम गर्नेजस्ता विषयमा प्रतिबद्धता जनाउनुका साथै स्थानीय सन्दर्भमा घुलमिल हुन लचिलो हुन सकुन् । मूल्यमा आधारित अनुसन्धान प्रवर्द्धन गर्ने एउटा उपाय कोसँग कसरी सहकार्य गर्ने भन्ने निर्धारण गर्ने हो। त्यसका लागि अनुसन्धानका सिद्धान्तको (statement of research principles) सूचि बनाउन सकिन्छ। त्यस्तो सूचीले अनुसन्धानकर्ताको अधिकार र कर्तव्य पनि समेट्नुपर्छ । गोलमेच छलफलको आयोजना अर्को उपाय हुनसक्छ ।
- द्वन्द्व र विपदजन्य अनुसन्धान तथा सामाजिक-राजनीतिक संवेदनशिलता अनुकुलको मञ्जुरी फारम (consent form) सहितको सन्दर्भ अनुसारको **आचारण र मार्ननिर्देशनहरुको** निर्माणमा जोड दिनुहोस् ।
- सकेसम्म बनिसकेको सम्बन्ध र विश्वासलाई झन् बलियो बनाउने तथा स्थानीय अनुसन्धानकर्ताहरुले प्राय भोग्ने असुरक्षालाई सम्बोधन गर्न सहयोग गर्न सक्ने खालको **दीर्घकालीन अनुसन्धान संलग्नता**को व्यवस्था गर्नुहोस् ।

**द्वन्द्व र विपदजन्य परिस्थितिका स्थानीय अनुसन्धानकर्ताहरूले गर्नुपर्नेः**

- अनुवाद, तथ्याङ्क संकलन, प्रतिवेदन लेखन वा विश्लेषणका क्रममा हुनसक्ने **श्रमको दोहनलाई (extractive and exploitative research practices)** विरोध वा अस्वीकार गर्नुहोस I बौद्धिक सम्पति, लेखन तथा आचारणयुक्त तथ्यांक संकलनजस्ता महत्वपूर्ण विषयमा प्रारम्भमै छलफल नहुने परियोजनाहरुमा हुने आफ्नो संलग्नतामाथि पुनर्विचार गर्नुहोस् ।
- अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता वा संयुक्त परियोजनाहरुका लागि संकलन गरिएका तथ्याङ्कलाई आफ्नो अनुसन्धान वा प्रकाशनमा प्रयोग **गर्न पाउने अधिकारमा** जोड दिनुहोस् I यसले स्थानीय समुदायहरूको बारम्बार उत्तरदाता बन्नु पर्ने बोझलाई घटाउनुका साथै तथ्याङ्क साझेदारीलाई पनि सहयोग पुऱ्याउँछ ।
- 'पहिले हामीसँग अध्ययन गर' भन्ने प्रस्तावलाई जोड दिउँ जसले गर्दा बाहिरी अनुसन्धानकर्ताहरुले अनुसन्धान शुरु गर्नुअघि स्थानीय विश्वविद्यालय, स्थानीय संघसंस्था वा समुदायसँग समय बिताउन पाउँछन् । त्यसोगर्दा स्थानीय ज्ञान र संस्कृतिमा आफूलाई घुलमिल गराउने मौका पाउँछन् ।

**द्वन्द्व र विपदजन्य परिस्थितिका बाह्य अनुसन्धानकर्ताहरूले गर्नुपर्नेः**

- स्थानीय अनुसन्धानकर्ताहरू, विशेषगरी अल्पकालिन अनुसन्धान संलग्नता भएका अनुसन्धानकर्ताहरुको **श्रम र बौद्धिक योगदानको साद्दष्यता, कदर र उचित पारिश्रमिक सुनिश्चित गर्नुहोस् ।**
- अनुसन्धान शुरुगर्नुअघि स्थानीय ज्ञान, भाषा र सांस्कृतिक अभ्यास बुझ्न **गहन अध्ययन (immersive study)** को योजना बनाउनुहोस ।

- आचारणयुक्त अभ्यासमा सोचविचार गर्न तथा द्वन्द्व र विपदजन्य परिस्थितिका अनुसन्धानकर्ताहरु बीच ज्ञान आदानप्रदान गर्न लागि सम्भव भएसम्म देशभित्र र अन्तरदेशीय **सिकाइ र अभ्यास गर्ने समुदायलाई समर्थन र प्रवर्द्धन गर्नुहोस्** । स्थापित प्रणाली र संरचनाले साथ नदिँदा यस्ता फोरमहरू आचारणयुक्त अनुसन्धानका चुनौतीबारे छलफल गर्ने स्थानहरु बन्न सक्छन् ।
- अनुवाद र दोहोरो वितरणलाई बजेटमै समावेश गरी अनुसन्धान परियोजनाका परिणामहरु **अँग्रजी र स्थानीय भाषा दुवैमा प्रकाशन** हुने व्यवस्था गर्नुहोस ।

## सन्दर्भ सामग्री


Browne, K. E., & Peek, L. (2014). Beyond the IRB: An Ethical Toolkit for Long-Term Disaster Research. *International Journal of Mass Emergencies and Disasters*, 32(1), 82-120. https://doi.org/10.1177/028072701403200

Dawson, A., Lignou, S., Siriwardhana, C., O'Mathuna, DP. (2019). Why research ethics should add retrospective review. *BMC Medical Ethics*, 20 (68). https://doi.org/10.1186/s12910-019-0399-1

Dhungana, N., Khanal, N.A., Vogel, B., Fast, L., Džuverović, N. and Zapata Cancelado, M.L. (2024). Unpacking Ethical Dilemmas and Knowledge Production Processes in Conflict and Disaster Research: Observations from Nepal. https://pure.manchester.ac.uk/ws/portalfiles/portal/347917263/Nepal_Final_Report_no_Annex.pdf

Džuverović, N., Vogel, B., Fast, L.., Dhungana N., Khanal, N.A, and Zapata Cancelado, ML. (2025). Unpacking Ethical Dilemmas and Knowledge Production Processes in Conflict and Disaster Research: Observations from the Balkans. https://pure.manchester.ac.uk/ws/portalfiles/portal/357459746/Belgrade_Workshop_Report_published_No_Annexes.pdf

Humanitarian Policy Group (HPG) and Neem Foundation. (2025). Better Research Partnerships Put Learning at the Centre: The Politics of Working Better Together. London. https://odi.org/en/publications/the-politics-of-working-better-together/

Sultana, F. (2022). The Unbearable Heaviness of Climate Coloniality. Political Geography, 99. https://doi.org/10.1016/j.polgeo.2022.102638

Zapata Cancelado, M. L., Vogel, B., Fast, L., Džuverović, N., Dhungana, N., & Khanal, N.A. (2025). Unpacking Ethical Dilemmas in Conflict and Disaster Research: Observations from Colombia. https://pure.manchester.ac.uk/ws/portalfiles/portal/359980039/Colombia_Workshop_Final_Report.pdf

Zreik, T., El Masri, R., Chaar, S., Ali, R., Meksassi, B., Elias, J., & Lokot, M. (2022). Collaborative Coding in Multi-National Teams: Benefits, Challenges and Experiences Promoting Equitable Research. *International Journal of Qualitative Methods*, 21. https://doi.org/10.1177/16094069221139474

## लेखकहरु

यस नीति-संक्षेपले 'रिअरडरिङ एथिक्स एण्ड नलेज प्रोडक्सन इन कन्फ्लिक्ट एण्ड डिज्यास्टर अफेक्टेड कन्टेक्ट्स' शीर्षक परियोजनाबाट प्राप्त निष्कर्षहरूलाई संक्षेपमा प्रस्तुत गरेको छ । यो परियोजना कोलम्बिया, नेपाल, सर्विया र बेलायतका अनुसन्धानकर्ताहरूको साझेदारीमा सञ्चालन गरिएको थियो । यस परियोजनालाई नलेज फ्रन्टियर्स अनुदान कार्यक्रम (KF7100221) मार्फत उदारतापूर्वक आर्थिक सहयोग प्रदान गरेकोमा हामी द ब्रिटिश एकेडेमीप्रति आभारी छौं ।

**Fast, Larissa**– HCRI, University of Manchester (UK)

**Dhungana, Nimesh**– HCRI, University of Manchester (UK)

**Džuverović, Nemanja** – University of Belgrade (Serbia)

Khanal, Neeti Aryal – Tribhuvan University (Nepal)

**Vogel, Birte** – HCRI, University of Manchester (UK)

**Zapata Cancelado, Maria Lucia** - Pontificia Universidad Javeriana University (Colombia)

## लेख उद्दत गर्ने तरिका

Fast, Larissa, Dhungana, Nimesh, Džuverović, Nemanja, Khanal, Neeti Aryal, Vogel, Birte, and Zapata Cancelado, Maria Lucia. 2025. *The Ethics of Research Collaborations in Conflict and Disaster Settings*. HCRI Policy Brief Series 2/25, pp. 1–5.

## एच.सि.आर.आई बारे

द ह्युमानिटेरियन एन्ड कन्फ्लिक्ट रेस्पोन्स इन्स्टिच्युट (एच.सि.आर.आई) म्यान्चेस्टर विश्वविद्यालयअन्तर्गतको एक अग्रणी वैश्विक अनुसन्धान संस्था हो। एच.सि.आर.आईले मानवीय सहायता र द्वन्द्व प्रतिउत्तर, वैश्विक स्वास्थ्य, अन्तर्राष्ट्रिय विपद व्यवस्थापन र शान्ति निर्माणसम्बन्धी अध्ययनका लागि चिकित्सादेखि मानवीकी शास्त्रसम्मका विभिन्न शैक्षिक क्षेत्रहरूलाई समेट्दछ ।

## हाम्रो सम्पर्क ठेगाना

एच.सि.आर.आई नीति-संक्षेप शृङ्खलासम्बन्धी जिज्ञासाका लागि कृपया hcripolicy@manchester.ac.uk मा इमेल गर्नुहोस् ।

एच.सि.आर.आई सम्बन्धी अन्य सबै जिज्ञासाका लागि कृपया hcri@manchester.ac.uk मा सम्पर्क गर्नुहोस्।

कोठा नम्बर C1.49, एलेन विल्किन्सन भवन, अक्सफोर्ड रोड, म्यान्चेस्टर